**Bhumikasthan Municipality**

# Office of Municipal Executive

Nuwakot, Arghakhanchi

## Invitation for BID

**Date of publication: 04-03-2020 (2076-11-21)**

1. A complete set of Bidding Documents may be purchased from the office **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee for tender documents as mentioned in the following table. Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost in the Bank:,**

   **Name of the Bank:** Century Bank, Nuwakot, Arghakhanchi
   **Name of Office**: Bhumikasthan Municipality
   **Rajaswa (Internal revenue) Account no. : 0900000005GE**
   **Office Account no. 0900000004GE (Dharauti)**

2. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi** at **1:00 pm** on **23-03-2020 (2076-12-10)**
3. Sealed or electronic bids must be submitted to the office **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp.. Bids received after this deadline will be rejected.
4. Bidders other details are as given below:

| Tender No. | Name of Project | Bid Price | Estimate cost (with Vat) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date o Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| **44/BMA/W/SB/ 2076/077** | Dharapani Dhakabang Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **2701139.62** | NRs. 68000 | 120 Days | **02-04-2020 (2076 -12-20)** | **03-04-2020 (2076-12-21)** 12:00 noon | **03-04-2020 (2076-12-21)** 1:00 PM |

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np /egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np .

# मतदातासमक्ष सफाई दिँदै महरा



**गौतमबुद्ध सन्देश**

दाङ, २० फागुन।

दिनहुँ समर्थक तथा मतदातासंगको भेटघाट। फूलमालाले गला भरिभराउ हुँदा पनि पूर्वसभामुख कृष्ण बहादुर महराको अनुहार भने मलिनै हुन्छ। कार्यकर्ता भेटघाटमा सम्बोधन गर्ने क्रममा गला अवरुद्ध हुनुले पनि उनीभित्रको पीडाबोध प्रष्टै देखिन्छ। तर पुरानो राजनीतिक प्रभाव कायम राख्ने दौडबाट महरा थाकेका भने छैनन्। अदालतबाट सफाई पाएपछि १२ फागुनमा आफ्नो चुनावी क्षेत्र दाङ पुगेका महरा प्रत्येक दिन समर्थक तथा मतदाताको दैलोमा पुगेर फूलमालाको न्यानो स्वागत बटुलिरहेका छन्।

अनुहारमा चमक नदेखिए पनि झल्कीनै आँटेको राजनीतिक बिरासत फेरि ठडिने आशा दाङवासीको बाजागाजा, झाँकीसहितको 'भब्य स्वागत' ले बढाइदिएको भने पक्कै छ। 'उहाँमाथि लागेको आरोपले राजनीति के हुन्छ? भन्ने एकखालको आशंका थियो,' उनीसँगै जिल्ला दौडाहमा रहेका नेकपाका नेता भन्छन्, 'रिहाई भएलगत्तै दाङ आएका बेला उहाँलाई जनताले दिएको न्यानो आतिथ्यताले पुनः राजनीतिक बिरासत माथि उठ्ने विश्वास बढेर गएको छ।'

बलात्कार प्रयासको आरोप लागेपछि पूर्वसभामुख महराको आगामी राजनीतिमाथि विभिन्न अड्कलबाजी भए। केहिले राजनीति सकिएको आँकलन गरे भने उनका समर्थकहरूले बचाउको प्रयास निरन्तर गरिरहे। अदालतको फैसलालाई टेकेर आँफूमाथि लागेको आरोप 'मिथ्या' भएको सन्देश बाँड्न महरालाई मतदाताको दैलोसम्म पुग्ने ठूलो अवसर पनि जुट्यो।

फलतः उनि रिहाई भएलगत्तै आफ्नो चुनावी क्षेत्र दाङ आए। अदालतबाट सफाई पाएका महराले अहिले मतदाताबाट पनि सफाई खोजिरहेका छन्। गत १२ गतेदेखि दाङमा रहेका महराको आन्तरिक भेटघाट र सार्वजनिक कार्यक्रमको उपस्थितीले आफूमाथि लागेको आरोप मेटेर पुनः पुरानै राजनीतिक 'ओज' कायम राख्न खोजेको प्रष्टै छ। १२ गते दाङ छिरेका महरा अहिलेसम्म जिल्लाको देउखुरी, घोराही, तुलसीपुर, हापुरे लगायत पहाडी क्षेत्रमा पुगेर त्यहाँका मतदातालाई आँफूलाई नियतवस फसाईएको स्पष्टिकरण दिइरहेका छन्।

दाङ पुगेकै दिन उनको स्वागतका लागि जिल्लाका विभिन्न स्थानमा उनका समर्थकहरू उपस्थित थिए। पहिलो दिन आफ्नो समर्थकहरूले देखाएको हौसलाले उनी निकै भावुक बने। कार्यकर्ताहरूलाई सम्बोधन गर्दागर्दै उनको गला रोकियो। महरा भन्छन् 'तर जे भए पनि म तपाईहरूसँगै छु, विकास निर्माण मेरो प्राथमिकता हो, त्यसमा दत्तचित्त भएर लाग्नेछु।' यति मात्रै होइन, आफ्नो रिहाईलाई जनताकै जीतका रूपमा अर्थ्याउने गरेका महराले मतदाताको मायाँ बटुल्न पनि रिहाईको जस मतदातालाई दिइरहेका छन्।

आफू राष्ट्रिय स्वाधिनताको पक्षधर भएकै कारण फसाएको बताउने गरेका महराले स्वाधिनताको मुद्दाबाट पछि नहट्ने अडान लिने गरेका छन्। कार्यकर्ता भेटघाट कार्यक्रममा मात्रै होइन, सरकारी कार्यक्रममै मिलेको न्यानो आतिथ्यताले पनि उनलाई झनै आत्मबल बढाइदिएको छ। घोराही उपमहानगरपालिकाले आयोजना गरेको असहाय मानव मुक्त सडक घोषणा कार्यक्रममा महरा प्रमुख आतिथि बने। त्यसै गरी बंगलाचुलीका दुई सामुदायिक विद्यालयले आफ्नो वार्षिकोत्सवमा उनलाई प्रमुख अतिथि बनाए। कार्यक्रमको प्रमुख आतिथ्यताले पनि महरालाई आँफू प्रतिको 'दोष' मेटिएको महसुस गराइदिएको नेकपाका नेताहरू बताउँछन्। दाङको एक हप्ते बसाईं सकेर महरा गृह जिल्ला रोल्पा जाने कार्यक्रम रहेको छ। उनले आफ्नो गृह जिल्लाका नागरिकलाई पनि यसै गरी आँफू निर्दोष रहेको र सफाई दिनका लागि अनुरोध गर्नेछन्।

अदालतले निर्दोष सावित गरिदिएपछि चुनावी जिल्ला झरेका महरालाई समर्थक तथा मतदाताले फूलमालाले स्वागत गरिरहेका छन्। तर यो स्वागतले उनी माथि लागेको दाग पूर्णतः मेटिने वा नमेटिने भन्ने चुनौती उनका सामु छ। महरालाई अब पनि उसैगरी मतदाताको साथ मिल्ला त? विश्लेषक बिनोद पोखेल भन्छन, 'महराले अदालतबाट सफाई पाउनु भएको हो, उहाँलाई पुनः राजनीतिक हैसियत कायम राख्न मतदाताले सफाई दिनु पर्छ। उहाँका लागि अर्को परीक्षा अब सुरु भएको छु।'

महरालाई एमसिसीकै विरोध गरेका कारण फसाईको टिप्पणीसहित उनको बचाउ समेत गरिएको थियो। एमसिसी प्रकरण घुसाइएको भए दंगाली मतदाताहरूका लागि 'महरा काण्ड' क्षेम्य हुन गाह्रो हुने विश्लेषण पोखेलको छ।

# थरुहटको आमहडतालले दाङ ठप्प

**गौतमबुद्ध सन्देश**

दाङ, २० फागुन।




थरुहट थारुवान राष्ट्रिय मोर्चाले घोषणा गरेको आमहडतालको प्रभाव दाङमा परेको छ। मंगलबार बिहानैदेखि बजार, कलकारखाना, उद्योग धन्दा, व्यापार, व्यवसाय, शिक्षण संस्था लगायत सवारी तथा यातायातका साधन पूर्ण रुपमा बन्द रहेका थिए।

चोक चोकमा थरुहटका कार्यकर्ता देखिएका थिए। उनीहरुले अतिआवश्यकका सवारीसाधन, शववाहन, दूध बोक्ने गाडी, मानवअधिकारकर्मी, पत्रकार, पर्यटन र कुटनीतिक नियोगका सवारीसाधन मात्रै चल्न दिएका थिए।

थरुहट थारुवान राष्ट्रिय मोर्चाले मंगलबार र बुधबार दुई दिन आमहडतालको घोषणा गरेको छ। गत पुस २२ गते सरकारसंग १४ बुँदे माग राखी आफ्नो माग सम्बोधन गर्न पुस मसान्तसम्मको अल्टिमेटमसहित ज्ञापनपत्र बुझाए पनि सरकारले आफ्ना मागप्रति कुनै सुनुवाई नगरेको भन्दै आम हड्तालको घोषणा गरेको विज्ञप्तिमा भनिएको छ। मोर्चाले आफ्ना माग पूरा गर्न दबाव स्वरुप आन्दोलन गर्न लागिएको जनाएको छ।


**Bhumikasthan Municipality**

## Office of Municipal Executive

Nuwakot, Arghakhanchi

Invitation for BID

**Date of publication: 04-03-2020 (2076-11-21)**

1. A complete set of Bidding Documents may be purchased from the office **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee for tender documents as mentioned in the following table. Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost in the Bank:,**

   **Name of the Bank:** Century Bank, Nuwakot, Arghakhanchi

   **Name of Office**: Bhumikasthan Municipality

   **Rajaswa (Internal revenue) Account no. : 0900000005GE**

   **Office Account no. 0900000004GE (Dharauti)**

2. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi** at **1:00 pm** on **23-03-2020 (2076-12-10)**
3. Sealed or electronic bids must be submitted to the office **Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi** by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp.. Bids received after this deadline will be rejected.
4. Bidders other details are as given below:

| Tender No. | Name of Project | Bid Price | Estimate cost (with Vat) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date o Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| **44/BMA/W/SB/ 2076/077** | Dharapani Dhakabang Road Upgrading | NRs. 3000.00 (Not Refundable) | **2701139.62** | NRs. 68000 | 120 Days | **02-04-2020 (2076 -12-20)** | **03-04-2020 (2076-12-21)** 12:00 noon | **03-04-2020 (2076-12-21)** 1:00 PM |

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np /egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np .


## तपाईको आज

भाग्यमा होइन, कर्ममा विश्वास गरौं



**मेषः** नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त हुनसक्छ । रमणीय र सुखद् यात्राको योग छ । साथीको सल्लाहमा गरिएको कार्यमा सफलता मिल्नेछ ।

**वृषः** रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । अरुको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ ।

**मिथुनः** अनावश्यक ठाउँमा धन खर्च होला । यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । साँझमा पैसा खर्च हुनेपनि योगपनि छ ।

**कर्कटः** लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । सामाजिक कार्यमा मन जानेछ ।

**सिंहः** आज महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ । चिन्ता छाडेर चिन्तन गर्ने समयछ ।

**कन्याः** शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष,उमङ्ग र उत्साह रहला । बन्धु-बान्धव बाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**तुलाः** मनमा सङ्का उत्पन्न हुनेछ । सामान हराउन सक्ने र मनमा दुविधा उत्पन्न होला । आर्थिक कारोवारमा मन्दी आउनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**वृश्चिकः** रमणीय, सुखद् र धार्मिक यात्राको योगछ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । राज्यबाट मान सम्मान पाइनेछ ।

**धनुः** आज प्रेमीको सहयोग प्राप्त हुनेछ । नयाँ व्यक्ति संग भेटघाटको मौका बन्नेछ । साहित्यिक क्षेत्रमापनि रुची बढ्नेछ ।

**मकरः** मनमा दुविधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला ।स्वास्थ्यमा समस्यापनि आउनेछ ।

**कुम्भः** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । विशिष्ट व्यक्तिको सहयोग मिल्ला । विद्या र बुद्धिको विकास हुनेछ । दाम्पत्य जीवनपनि सुखमय हुनेछ ।

**मिनः** । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । रमणीय र सुखद् यात्राको योग छ । बहुमुल्य वस्तु हातपनि पर्न सक्छ ।